# शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८०

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८०

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

२०८०।१०।२५

**<u>प्रस्तावना:</u>** बागमती प्रदेशका सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक क्याम्पसमा अध्ययनरत महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख जातिका तथा आर्थिकरूपले विपन्नका साथै लोकतन्त्र तथा गणतन्त्र प्राप्तिको आन्दोलनका घाइते परिवारका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि छात्रवृत्ति निर्देशिका तयार गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस निर्देशिकाको नाम "शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा,-

(क) "छात्रवृत्ति" भन्नाले दफा ९ बमोजिम प्रदान गरिने छात्रवृत्ति सम्झनु पर्छ।

(ख) "छात्रवृत्ति छनोट समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्छ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "सामुदायिक क्याम्पस" भन्नाले नेपाल सरकार तथा प्रदेश सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी गैरनाफामूलक रुपमा स्नातकोत्तर तहसम्मको अध्यापन गराउने क्याम्पस सम्झनु पर्छ।

## परिच्छेद- २

## छात्रवृत्तिका शर्त तथा छात्रवृत्तिको लागि विद्यार्थीको योग्यता

३. **छात्रवृत्तिका शर्तहरुः** (१) यस कार्यविधिबमोजिमको छात्रवृत्तिका लागि आवेदन दिने छात्र छात्राले देहायबमोजिमको शर्तहरू पुरा गरेको हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) बागमती प्रदेशभित्रको स्थायी बासिन्दा वा बागमती प्रदेशको स्थायी बासिन्दा पुरुषसँग विवाह गरेको,

(ग) बागमती प्रदेशभित्रको सामुदायिक माध्यामिक विद्यालयबाट एसईई उतीर्ण गरेको,

(घ) स्नातक तथा स्नातकोत्तर तहको छात्रवृत्तिको लागि बागमती प्रदेशभित्रको सामुदायिक विद्यालयबाट कक्षा १२ उतीर्ण गरेको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) स्नातकोत्तर तहको छात्रवृत्तिको लागि बागमती प्रदेशभित्रको सामुदायिक क्याम्पसबाट स्नातक तह उतीर्ण गरेको,

(च) महिला छात्रवृत्तिको हकमा बागमती प्रदेश भित्रको सामुदायिक क्याम्पसमा स्नातक वा स्नातकोत्तर तहको पहिलो वर्षमा भर्ना भइ रजिस्ट्रेसन फाराम भरेको,

(छ) सामुदायिक माध्यमिक विद्यालय/शिक्षालयमा अध्ययनरत छात्राछात्रलाई प्रदान गरिने छात्रवृत्तिको हकमा कक्षा ११ वा सो सरहको कक्षामा भर्ना भइ अध्ययन गरिरहेको।

(२) उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही उपदफाको खण्ड (ख) बमोजिमको विवाहित महिलाको हकमा अन्य प्रदेशको सामुदायिक विद्यालयबाट एसईई, कक्षा १२ र सामुदायिक क्याम्पसबाट स्नातक तह उत्तीर्ण गरेकोलाई मान्यता दिइनेछ।

४. **<u>छात्रवृत्ति प्राप्त गर्ने छात्रछात्रा</u>:** दफा ३ बमोजिमको शर्त पूरा गरेका देहायबमोजिमका छात्रछात्राले यो निर्देशिकाबमोजिमको छात्रवृत्ति प्राप्त गर्नेछन्:-

(क) बागमती प्रदेशभित्रका सामुदायिक क्याम्पसमा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत दफा ५ को उपदफा (३) को खण्ड (क) बमोजिम छनोट भएका छात्रा,

(ख) कृषि, भेटनेरी, सर्भेयर, सिभिल इन्जिनियरिङ वा वन विज्ञान विषयमा सामुदायिक विद्यालय/शिक्षालयमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कक्षा ११ वा सो सरहमा अध्ययनरत दलित, अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख जातिका तथा आर्थिक रूपले विपन्नका साथै लोकतन्त्र तथा गणतन्त्र प्राप्तिको आन्दोलनका घाइते परिवारका छात्रछात्राहरूमध्ये दफा ५ को उपदफा (३) को खण्ड (ख) बमोजिम छनोट भएका छात्र वा छात्रा।

## परिच्छेद- ३

## छात्रवृत्तिमा छनोट तथा छात्रवृत्ति वितरण

५. **छात्रवृत्ति छनोट प्रक्रियाः** (१) दफा ३ बमोजिमका शर्त पूरा गरेका छात्राछात्रहरूले दफा ८ मा तोकिएको कागजातसहित निर्देशनालयमा अनुसूची-१ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका निवेदनहरू जाँचबुझ तथा मूल्याङ्कन गरी छात्रवृत्तिका लागि नाम छनोट तथा सिफारिस गर्न निर्देशनालयले दफा ६ बमोजिमको समितिमा पठाउनेछ।

(३) दफा ३ बमोजिमका शर्त पूरा गरी आवश्यक कागजात पेश गरेका देहायका छात्र छात्राको नाम छनोट गरी दफा ९ बमोजिमको छात्रवृत्ति उपलब्ध गराउन दफा ६ बमोजिमको समितिले शिक्षा विकास निर्देशनालयमा सिफारिस गर्नेः-

(क) दफा (४) को खण्ड (क) बमोजिमको छात्रवृत्तिको लागि आवेदन गर्ने छात्राहरूमध्ये विनियोजित रकमको सीमाभित्र रही अनुसूची-२ मा उल्लिखित मापदण्डबमोजिम छनोट भएका छात्राहरू,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) दफा (४) को खण्ड (ख) बमोजिमको छात्रवृत्तिको लागि आवेदन गर्ने छात्रछात्राहरू मध्ये विनियोजित रकमको सीमाभित्र रही अनुसूची-३ बमोजिमको मापदण्डको आधारमा प्रत्येक स्थानीय तहबाट छनोट भएका कक्षा ११ वा सो सरहमा अध्ययनरत एकजना छात्रा वा छात्र।

(ग) खण्ड (क) र (ख) बमोजिम छात्रछात्राको नाम सिफारिस गर्दा प्राप्ताङ्क बराबरी भएमा दलित, लोपोन्मुख जाती, अल्पसंख्यक, सिमान्तकृत समूहलाई क्रमशः प्राथमिकतामा राखी छनोट गर्नु पर्नेछ।

(४) उपदफा (३) को खण्ड (क) बमोजिम सिफारिस गर्नु अघि खण्ड (ख) बमोजिम सिफारिस गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम छात्र वा छात्राको नाम सिफारिस गर्दा शैक्षिक छात्रबृत्ति शीर्षकमा विनियोजन भएको रकमबाट सर्वप्रथम दफा ९ को उपदफा (२) बमोजिम छात्रा वा छात्रको लागि छात्रवृत्ति रकम बाँडफाँट गरी सिफारिस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएको छात्रवृत्ति रकम घटाई बाँकी रकमको ७० प्रतिशत रकम स्नातक तहको लागि र ३० प्रतिशत रकम स्नातकोत्तर तहको लागि बाँडफाँट गरी सो रकमको आधारमा दफा ९ को उपदफा (१) बमोजिम छात्रवृत्ति प्राप्त गर्ने छात्राको नाम सिफारिस गर्नु पर्नेछ।

(७) उपदफा (५) र (६) बमोजिम छात्रवृत्ति रकम वाँडफाँट गर्दा कुनै एउटा समूह वा तहमा छनोट भएका छात्र वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

छात्राको सङ्ख्या कम भएमा समितिले अर्को समूह वा तहका छात्र वा छात्रालाई छात्रवृत्ति रकम बाँडफाँट गरी सिफारिस गर्न सक्नेछ।

(८) उपदफा (३) बमोजिम समितिबाट सिफारिस भइ आएका छात्रछात्रालाई दफा ९ बमोजिमको छात्रवृत्ति प्रदान गर्न निर्देशनालयले निर्णय गरी छात्रछात्राको नाम, ठेगाना र सम्बन्धित क्याम्पसको नामसहितको विवरण निर्देशनालयको वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ।

६. **<u>छात्रवृत्ति छनोट समिति</u>**: यस निर्देशिकाबमोजिम प्रदान गरिने छात्रवृत्ति छनोटको लागि देहायबमोजिमको छात्रवृत्ति छनोट समिति रहनेछः-

(क) निर्देशक, शिक्षा विकास निर्देशनालय -संयोजक

(ख) प्रमुख, योजना तथा शिक्षा विकास महाशाखा, सामाजिक विकास मन्त्रालय -सदस्य

(ग) शाखा प्रमुख, योजना तथा शिक्षा विकास शाखा, शिक्षा विकास निर्देशनालय -सदस्य सचिव

७. **<u>छात्रवृत्ति छनोट समितिको काम, कर्तव्य र अधिकार</u>**: छात्रवृत्ति छनोट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विनियोजित बजेटको सीमाभित्र रही निर्देशिकाले तोकेको मापदण्डअनुसार छात्रवृत्तिको किसिम, रकम र सङ्ख्या एकिन गरी आवेदनको लागि सूचना प्रकाशित गर्न निर्देशनालयमा सिफारिस गर्ने,

(ख) निर्देशनालयबाट प्रकाशित सूचनाअनुसार प्राप्त भएका निवेदनहरूको जाँचबुझ तथा मूल्याङ्कन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) दफा ३ बमोजिमका शर्त पूरा गरी दफा ४ को खण्ड (क) बमोजिमको छात्रवृत्तिको लागि आवश्यक कागजात पेश गरेका छात्राहरूमध्येबाट विनियोजित बजेटको सीमाभित्र रही अनुसूची-२ मा उल्लिखित मापदण्डबमोजिम छात्राहरूको नाम छनोट गरी निर्देशनालयमा सिफारिस गर्ने,

(घ) दफा ३ बमोजिमका शर्त पूरा गरी आवश्यक कागजात पेश गरेका र दफा ४ को खण्ड (ख) बमोजिमको छात्रवृत्तिको लागि आवेदन दिएका छात्रछात्राहरूमध्येबाट अनुसूची-३ मा उल्लिखित मापदण्डबमोजिम प्रत्येक स्थानीय तहबाट एकजना छात्र वा छात्राको नाम छनोट गरी निर्देशनालयमा सिफारिस गर्ने,

(ङ) स्थानीय तह, सामुदायिक विद्यालय र सामुदायिक क्याम्पससँग आवश्यक विवरण माग गर्ने तथा समन्वय गर्ने,

(च) छात्रवृत्ति कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने, र

(छ) मन्त्रालयले तोकेका अन्य आवश्यक कार्य गर्ने।

८. <u>**छात्रवृतिको आवेदन साथ पेश गर्नुपर्ने कागजातहरूः**</u> (१) दफा ३ बमोजिमको शर्त पूरा गरेका छात्रछात्राले दफा ९ बमोजिमको छात्रवृत्ति प्राप्त गर्न दफा ५ को उपदफा (१) बमोजिम पेश गर्ने निवेदन साथ देहायबमोजिमको कागजात अनिवार्य रूपमा पेश गर्नु पर्नेछः-

(क) बागमती प्रदेशको स्थायी बासिन्दा भएको निस्सा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) सबै तहको शैक्षिक योग्यताको प्रमाण-पत्र र लब्धाङ्कपत्रको प्रतिलिपि,

(ग) आफूले अध्ययन गरी उत्तीर्ण गरेको विद्यालय/शिक्षालय/क्याम्पस सामुदायिक हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

(घ) सम्वन्धित विद्यालय/शिक्षालय/क्याम्पसको सिफारिस पत्र

(ङ) दलित, अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख जाति, पिछडिएको क्षेत्र, विपन्न हो भने सम्बन्धित निकायको सिफारिस

(च) द्वन्द पीडित, सहिद वा घाइते परिवारको सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र।

(२) उपदफा (१) को खण्ड (ग), (घ), (ङ) र (च) सम्मका सिफारिस उपलब्ध गराउने विषयमा सम्बन्धित विद्यालय/शिक्षालय/क्याम्पसले सम्बन्धित निकायसँग सहजीकरण गर्नु पर्नेछ।

९. **<u>छात्रवृत्तिको रकम र निकासा प्रक्रिया</u>:** (१) सामुदायिक क्याम्पसमा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत दफा ४ को खण्ड (क) बमोजिमको छात्रवृत्तिको लागि दफा ५ को उपदफा (३) को खण्ड (क) बमोजिम छनोट भइ सिफारिस भएका प्रति छात्रालाई स्नातक तहको लागि एकमुष्ठ रु.१०,०००।- (दश हजार) र स्नातकोत्तर तहको लागि एकमुष्ठ रु.१५,०००।- (पन्ध्र हजार) का दरले हुने जम्मा रकम सम्बन्धित क्याम्पसको खातामा पठाइनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) सामुदायिक माध्यामिक विद्यालय/ शिक्षालयमा अध्ययनरत दफा ४ को खण्ड (ख) बमोजिमको छात्रवृत्तिको लागि दफा ५ को उपदफा (३) को खण्ड (ख) बमोजिम छनोट भइ सिफारिस भएका छात्रा वा छात्रलाई कक्षा ११ र १२ वा सो सरहमा अध्ययन गर्न लाग्ने भर्ना शुल्क र शिक्षण शुल्कवापतको रकम छात्रवृत्तिको रुपमा सम्बन्धित विद्यालय/शिक्षालयको खातामा उपलब्ध गराइनेछ।

(३) सम्बन्धित विद्यालय/शिक्षालय/क्याम्पसले छात्रवृति प्राप्त गर्ने सम्बन्धित विद्यार्थीहरुलाई आ-आफ्नो नाममा बैंक खाता खोल्न लगाउनु पर्नेछ।

(४) सम्बन्धित विद्यालय/ शिक्षालय/ क्याम्पसले पहिलो वर्ष वा सेमेष्टरको अन्तिम परीक्षामा सामेल भएको निस्साका आधारमा अनुसूची-४ बमोजिमको कबुलियतनामा गराई सम्बन्धित विद्यार्थीको बैंक खातामा छात्रवृत्ति रकम जम्मा गरी सोको विवरण निर्देशनालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) र (२) बमोजिमको छात्रवृत्तिको रकम प्राप्त गर्न छनोट भएका छात्रछात्राले छात्रवृत्तिमा छनोट भएको सिफारिस-पत्र सहित आफ्नो खाता रहेको बैंकको नाम, बैङ्क खाता नम्बर र अनुसूची-४ बमोजिमको कबुलियतनामासमेत संलग्न गरी निर्देशनालयमा निवेदन पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद- ४

## विविध

१०. **विवरण पठाउनु पर्नेः** निर्देशनालयले छात्रवृत्ति प्राप्त गर्ने छात्रछात्राहरूको विवरण सम्बन्धित सामुदायिक माध्यामिक विद्यालय/शिक्षालय र क्याम्पसमा पठाउनु पर्नेछ।

११. **विवरण उपलब्ध गराउनु पर्ने**: छात्रवृत्ति पाएका विद्यार्थी अध्ययन गर्ने सामुदायिक माध्यामिक विद्यालय वा शिक्षालय र सामुदायिक क्याम्पसले छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको नाम, ठेगाना, फोन नं, हाजिरी, भर्ना भएको र सम्बन्धित कक्षा वा तहको अन्तिम परीक्षामा सामेल भएको व्यहोराको विवरण प्रत्येक वर्ष निर्देशनालयमा पठाउनु पर्नेछ।

१२. **छात्रवृति वितरण व्यवस्थापन खर्च**: छात्रवृत्तिसम्बन्धी सूचना प्रकाशन, छात्रवृत्तिको दरखास्त संकलन, बैठक र अनुगमन कार्यको लागि लाग्ने खर्च स्वीकृत मापदण्डबमोजिम गर्ने गरी छात्रवृत्ति शीर्षकमा विनियोजन भएको रकमबाट व्यवस्थापन गरिनेछ।

१३. **प्रतिवेदन पेश गर्नुपर्ने**: शिक्षा विकास निर्देशनालयले यस निर्देशिकाबमोजिम वितरण गरेको छात्रवृत्तिसम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१४. **लेखा तथा लेखापरीक्षण**: (१) छात्रवृत्ति रकमको लेखा प्रणाली प्रचलित कानुनबमोजिम हुनेछ।

(२) आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

१५. **सरकारी बाँकी सरह असुलउपर गरिने**: छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले यस निर्देशिकामा तोकिएको शर्त विपरित कार्य गरेमा वा अध्ययन बीचैमा छाडेमा वा दोहोरो छात्रवृत्ति लिएमा निजलाई प्रदान गरिएको छात्रवृत्ति रकम निजको घरघरानाबाट निर्देशनालयले सरकारी बाँकी सरह असुलउपर गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१६. **<u>प्रदेश सरकारले सेवामा खटाउन सक्ने</u>**: (१) यस निर्देशिकाबमोजिम छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा गरेका विद्यार्थीलाई प्रदेश सरकारले आवश्यक ठानेमा अध्ययन पूरा गरेको मितिबाट बढीमा दुई बर्षसम्म प्रदेशभित्रको सम्बन्धित क्षेत्रको सेवामा खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवामा खटाउँदा निजलाई प्रचलित कानूनबमोजिमको पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।

१७. **<u>आवश्यक व्यवस्था मिलाउने</u>**: यो निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा वा समस्या आइपरेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

१८. **<u>प्रचलित कानुनबमोजिम हुने</u>**: यस निर्देशिकामा उल्लेख भए देखि बाहेकका अन्य विषयहरुमा प्रचलित कानूनबमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## **शैक्षिक छात्रवृत्ति निवेदन फाराम**

श्रीमान् महानिर्देशकज्यू,
शिक्षा विकास निर्देशनालय,
बागमती प्रदेश, हेटौंडा, नेपाल।

विषयः **छात्रवृत्ति सम्बन्धमा।**

महोदय,

शिक्षा विकास निर्देशनालय, हेटौंडाको मिति ....... को सूचना बमोजिम सामुदायिक माध्यामिक विद्यालय/शिक्षालय/सामुदायिक क्याम्पसमा अध्ययनको लागि प्रदान गरीने छात्रवृत्ति उपलब्ध गराई पाउन मेरो व्यक्तिगत, संस्थागत र अन्य विवरण तपसिलमा खुलाई निर्देशनालय समक्ष यो निवेदन पेश गरेको छु।

१. छात्रवृत्तिको किसिमः (क) महिला ☐ (ख) अन्य ......

२. छात्रवृत्तिका लागि आवेदन दिएको शैक्षिक तहः (क) कक्षा ११ वा सो सरह (ख) स्नातक (ग) स्नातकोत्तर

३. कक्षा ११ वा सो सरहको तहमा, स्नातक वा स्नातकोत्तर तहको पहिलो वर्षमा भर्ना भएको मितिः

४. कक्षा ११ वा सो सरहको तहमा र स्नातक वा स्नातकोत्तर तहको पहिलो वर्ष वा सेमेष्टरको परीक्षामा सामेल भएको मितिः

५. व्यक्तिगत विवरण:

(क) नाम:

(ख) ठेगाना:

(ग) फोन नंः मोबाइल नंः

(घ) इमेलः

(ङ) पिता/माताको नाम:

(च) हजुर बुवाको नामः

(छ) वैवाहिक स्थिति: विवाहित / अविवाहित

(ज) विवाहित भए पति/पत्नीकोः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

नामः

ठेगाना:

फोन नंः                                        मोबाइल नंः

(झ) रोजगारीको स्थिति : रोजगार ☐  बेरोजगार ☐

(ञ) रोजगार भए रोजगारदाताकोः

नाम:

ठेगाना:

फोन नंः                                        मोबाइल नंः

(ट) उत्तीर्ण गरेको शैक्षिक तह र संकायः

क. एसईईः

ख. कक्षा १२ः

ग. स्नातकः

(ठ) अध्ययनरत सामुदायिक माध्यामिक विद्यालय/शिक्षालय वा सामुदायिक क्याम्पसको नाम र ठेगानः

(ड) अध्ययननरत विषय:

६. शैक्षिक विवरण

| क्र.सं. | उतीर्ण गरेको/ अध्ययनरत रहेको शैक्षिक तह | अध्ययन गरेको/ अध्ययनरत रहेको शैक्षिक संस्थाको नाम ठेगाना र सङ्काय | प्रमुख विषय | उत्तीर्ण साल | श्रेणी/जिपिए | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | एस ई ई | | | | | |
| २. | कक्षा १२ | | | | | |
| ३. | स्नातक तह | | | | | |
| ४. | स्नातकोत्तर तह | | | | | |

तथा कानून मन्त्रालय, बागमती प्रदेश

७. अध्ययन लागत

(क) अध्ययनरत सामुदायिक माध्यामिक विद्यालय/शिक्षालय क्याम्पसको मासिक पढाई शूल्क:

(ख) भर्ना शुल्क: (ग) प्रयोगात्मक शूल्क: (घ) अन्य शुल्क:

८. माथि उल्लेख गरेको व्यहोरा ठिक/साँचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदक**

नाम:

ठेगाना:

दस्तखत:

**नोट: निवेदन साथ पेश गर्नु पर्ने कागजात**

(क) बागमती प्रदेशको स्थायी बासिन्दा भएको निस्सा,

(ख) सबै तहको शैक्षिक योग्यताको प्रमाण-पत्र र लब्धाङ्कको प्रतिलिपि,

(ग) आफूले अध्ययन गरी उत्तीर्ण गरेको विद्यालय/शिक्षालय/क्याम्पस सामुदायिक हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

(घ) सम्वन्धित विद्यालय/शिक्षालय/क्याम्पसको सिफारिस पत्र

(ङ) दलित, अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जाति, पिछडिएको क्षेत्र, विपन्न हो भने सम्बन्धित निकायको सिफारिस

(च) द्वन्द पीडित, शहीद वा घाइते परिवारको सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारीस पत्र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- २

(दफा ५ को उपदफा (३) को खण्ड (क) र दफा ७ को खण्ड (ग) सँग सम्बन्धित)

## स्नातक र स्नातकोत्तर अध्ययनको लागि प्रदान गरिने शैक्षिक छात्रवृत्ति छनोट सम्बन्धी मापदण्ड

| शैक्षिक योग्यता | श्रेणी वा जिपिए | अङ्कको वर्गिकरण | अधिकतम प्राप्ताङ्क |
|---|---|---|---|
| एसईई | | | १० |
| | प्रथम श्रेणी वा २.८ देखि ४ GPA सम्म भए | १० अङ्क | |
| | द्वितीय श्रेणी वा २.० देखि २.८ GPA भन्दा कम भए | ७ अङ्क | |
| | तृतीय श्रेणी वा १.६ देखि २ GPA भन्दा कम भए | ५ अङ्क | |
| कक्षा १२ | | | १० |
| | प्रथम श्रेणी वा २.८ देखि ४ GPA सम्म भए | १० अङ्क | |
| | द्वितीय श्रेणी वा २.० देखि २.८ GPA भन्दा कम भए | ७ अङ्क | |
| | तृतीय श्रेणी वा १.६ देखि २ GPA भन्दा कम भए | ५ अङ्क | |
| स्नातक तह | | | १० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| | प्रथम श्रेणी वा २.८ देखि ४ GPA सम्म भए | १० अङ्क | |
| | द्वितीय श्रेणी वा २.० देखि २.८ GPA भन्दा कम भए | ७ अङ्क | |
| | तृतीय श्रेणी वा १.६ देखि २ GPA भन्दा कम भए | ५ अङ्क | |
| प्रदेश भित्रको बासिन्दाको आधार | | | १० |
| | गाउँपालिका भए | १० अङ्क | |
| | नगरपालिका भए | ७ अङ्क | |
| | उपमहानगरपालिका/महानगरपालिका भए | ५ अङ्क | |
| आर्थिकरुपले विपन्न | | | १० |
| पिछडिएको क्षेत्र, सीमान्तकृत, लोपोन्मुख, दलित, अपाङ्गता, द्वन्द पीडित, सहिद परिवार र घाइते परिवार | | | १० |
| जम्मा | | | ५०/६० |

**नोटः स्नातक तहको लागि पूर्णाङ्क ५० स्नातकोत्तर तहको लागि पूर्णाङ्क ६० हुनेछ।**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ३

(दफा ५ को उपदफा (३) को खण्ड (ख) र दफा ७ को खण्ड (घ) सँग सम्बन्धित)

**<u>सामुदायिक माध्यामिक विद्यालय/शिक्षालयमा कक्षा ११ वा सो सरहमा अध्ययनरत छात्रा छात्रलाई प्रदान गरिने छात्रवृत्ति छनौटसम्बन्धी मापदण्ड</u>**

| शैक्षिक योग्यता | श्रेणी वा जिपिए | अङ्कको वर्गिकरण | अधिकतम प्राप्ताङ्क |
|---|---|---|---|
| एसईई | | | १० |
| | प्रथम श्रेणी वा २.८ देखि ४ GPA सम्म भए | १० अङ्क | |
| | द्वितीय श्रेणी वा २.० देखि २.८ GPA भन्दा कम भए | ७ अङ्क | |
| | तृतीय श्रेणी वा १.६ देखि २ GPA भन्दा कम भए | ५ अङ्क | |
| आर्थिकरुपले विपन्न | | | १० |
| द्वन्द पीडित, शहीद परिवार र घाइते परिवार | | | १० |
| जम्मा | | | ३० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**अनुसूची- ४**

(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

**कबुलियतनामा**

श्री .............................. को नाति/नातिनी श्री ............................... को छोरा/छोरी/बुहारी जिल्ला ......................... गा.पा. / न.पा./ उ.म.न.पा./ म.न.पा. ............................ वडा. नं. .......... मा स्थायी बसोबास भएको हाल ...................................................... माध्यामिक विद्यालय/शिक्षालय/ सामुदायिक क्याम्पसमा ..........................................................विषयमा अध्ययनरत विद्यार्थी म ...................................................... (नागरीकता नं. .......................) शिक्षा विकास निर्देशनालय, हेटौंडाबाट प्रदान गरिने शैक्षिक छात्रवृत्ति अन्तर्गत महिला/दलित/अल्पसंख्यक/सीमान्तकृत/लोपोन्मुख/द्वन्द पीडित/शहीद परिवार/ घाइते परिवार/ आर्थिक रूपले विपन्न तर्फको ...... तहको लागि प्रदान हुने छात्रवृत्तिको लागि छनोट भएकोले शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८० का शर्तहरुको पूर्ण पालना गर्नेछु। सो बमोजिम नगरे मैले छात्रवृत्ति बापत पाएको रकम सरकारी बाँकि सरह फिर्ता बुझाउनेछु। सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी शिक्षा विकास निर्देशनालयमा पेश गरेको छु।

**छात्रवृत्ति पाउनेको**

दस्तखत:

नाम:

सम्पर्क ठेगाना:

इमेल:

मोबाइल नं.:

मिति:

नोट: अध्ययन सम्पन्न भए पश्चात शिक्षा विकास निर्देशनालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश